

## बालश्रम शोषणः

बालश्रम शोषण भन्नाले बालबालिकालाई शारिरीक तथा मानसिक रूपमा हानी गर्ने र उनीहरूको बाल्यकालमा पाउनुपर्ने अधिकारहरूबाट बञ्चित गराउने वा पूर्ण सक्षमता वा क्षमता विकासमा बाधा ल्याउने कामलाई बुझाउँछ । बालबालिकालाई काममा लगाइ रहनु हिंसा मानिन्छ । विश्वमा करिब एक्काइस करोड पचास लाख बालबालिका बालश्रम शोषणका शिकार भैरहेका छन् ।

## बालबालिकाको बेचबिखन

शोषण गर्ने उद्देश्यले बालबालिकालाई ओसारपसार तथा बेचबिखन गर्ने गरिन्छ । दुखको कुरा त, बेचबिखनमा परेका धेरैजसो बालबालिका श्रमशोषण, यौनव्यवसाय वा लागू औषधको ओसारपसारमा जबरजस्ति संलग्न हुनुपरेको पाइन्छ ।



## बालविवाह

धेरै जसो गरिब तथा दुर्गम क्षेत्रका समुदायमा बालविवाहलाई परम्पराको रूपमा लिइन्छ । यस्ता समुदायमा सानो उमेरका बालिकालाई उसको साथी, परिवार र शिक्षाको अवसरबाट छुट्टाएर प्रायसः आफूभन्दा बढी उमेरको व्यक्तिसँग विवाहका लागि तयार पारिन्छ । बालविवाहको कारणले गर्दा उनीहरू घरेलु हिंसाको शिकार हुनुका साथै उमेर पुग्नु भन्दा अगावै यौनकार्यमा संलग्न हुनुपर्ने र त्यसबाट बच्चा पाउँदा स्वास्थ्यसँग सम्बन्धित विभिन्न समस्या उत्पन्न हुन सक्छ । सानो उमेरमा विवाह गर्न वाध्य बालिकाहरू आफ्नो क्षमताको पूर्ण विकासको अवसर पाउँदैनन् र गरिबीको चक्रबाट माथि उठ्न सक्दैनन् ।



## शारीरिक दुर्व्यवहारः

बालबालिकाको शरिरमाथि जानीजानी तथा बलपूर्वक घटाइएको घटनाले उनीहरूलाई मानसिकरूपमा नराम्रो असर, हानी नोक्सानी अथवा घाउचोट लाग्न सक्छ । यसैलाई शारिरीक दुर्व्यवहार भनिन्छ ।

विश्व स्वास्थ संगठनका अनुसार ८०% बालबालिकाले आफ्नै घरमा शारिरीक दूर्व्यवहार भोगेका हुन्छन् ।



## के तपाईलाई थाहा छ ?

संसारका ३२ राष्ट्रहरूले शारिरीक दण्डलाई निषेध गरेका छन् ।


## गालिगलौज

कराउनु, धम्काउनु, नाम काडेर बोलाउनु, निरन्तर कुरा काट्नु, बेइज्जत गर्नु र निरन्तर जिस्क्याउनु गालिगलौजका स्वरूपहरू हुन् । गालिगलौजलाई संवेगात्मक दुर्व्यवहारका रूपमा लिने गरिन्छ । शरीरमा कुनै प्रकारको चोटपटक नलागेता पनि गालिगलौजका कारणबाट मानसिक रूपमा पर्ने नराम्रो असरबाट  सामान्य अवस्थामा फर्कन बालबालिकालाई लामो समय लाग्न सक्छ ।



## लागूपदार्थ दूर्व्यसन

बालबालिकालाई लागूपदार्थसम्बन्धी क्रियाकलापमा संलग्न गराउनु वा उनीहरूलाई लागूपदार्थ सेवन गर्न उक्साउनु दुर्व्यवहारकै स्वरूप हो । लागूपदार्थ ओसारपसार गर्ने दलालहरूले खास गरी दुर्गम क्षेत्रका गरिब तथा पिछडिएको परिवार र समुदायलाई आर्थिक सहयोगको प्रलोभनमा उनीहरूका बालबालिकालाई यस घृणित कार्यका लागि शिकार बनाउने गर्दछन् । सडक बालबालिकाहरू प्राय यस किसिमको हिंसामा पर्ने गर्दछन् ।





## यौन दुर्व्यवहार

दुराचारीले आफ्नो यौनइच्छा पूरा गर्ने वा यौनसन्तुष्टिका लागि बालबालिका माथि गर्ने जुनसुकै यौनजन्य क्रियाकलाप वा व्यवहारलाई यौन दुर्व्यवहार भनिन्छ। बालबालिका प्रायः आफ्नै विश्वासिलो वा संरक्षकबाट नै यौनदुर्व्यवहारमा परेको पाइएको छ ।

## के तपाइलाई थाहा छ ?

दक्षिण एशियामा बालिकाहरूलाई सार्वजनिक ठाउँमा जिस्काउने कार्य पनि एक प्रकारको यौनदुर्व्यवहार/हतोत्साह हो ।

# लैङ्गिक असमानता

लैङ्गिक असमानता एउटा गम्भीर विषय हो । बालक वा बालिका भएकै कारण बालबालिकालाई गरिने असमान व्यवहार तथा सोचका बारेमा यस विषयले व्याख्या गर्दछ । बालक वा बालिका जो सुकै पनि असमानताका शिकार हुन सक्ने भए पनि बालिका विरूद्ध गरिने असमानताको लागि यो शब्द धेरै जसो प्रयोग भएको पाइन्छ। धेरै राष्ट्रहरूमा बालिका भएकै कारण उनीहरू कुपोषित हुने, शिक्षामा कम अवसर पाउने, यौनशोषणमा पर्ने वा कुसंस्कारका शिकार बन्दछन् ।





## के तपाइलाई थाहा छ ?

थुप्रै राष्ट्रका संस्थाहरूले सडक नाटक गरी बालबालिकालाई बेचविखनबाट बच्ने उपायहरूको बारेमा सिकाउँछन् ।

## जोखिमको पहिचान

हिंसा र दुर्व्यवहारबाट बच्ने एउटा उपाय भनेको आफूलाई हिंसा हुनलागेको थाहा पाउने र त्यस्तो जोखिम परिस्थितिबाट टाढा रहने नै हो ।

उदाहरणको लागि नचिनेको वा अपरिचित व्यक्तिसंग नबोल्नु र उसको नजिक नजानु नै अपहरण र बेचविखनबाट बच्ने राम्रो उपाय हो ।

प्लानजस्ता संस्थाहरूले बालबालिका बिरूद्ध हुने हिंसा र दूर्व्यवहारबाट बच्ने उपायका बारेमा जानकारी तथा कार्यक्रमहरू आयोजना गरेर बालबालिकालाई हुनसक्ने हिंसा र दुर्व्यवहारबाट बच्ने सूचना तथा सीप सिकाएर सहयोग गरिरहेका छन् ।

आफ्नो सुरक्षा गर्ने र आफ्ना समुदायमा रहेका बालसुरक्षासम्बन्धी कार्यक्रमहरूका बारेमा जानकारी राख्नु पर्दछ ।

## नाँई ! जाऊ ! भन !

यदि तपाईँ आफैं, तपाईँको साथी वा परिवारका सदस्य बालबालिका विरूद्ध हुने हिंसामा परे तपाईँले के गर्नु पर्छ ? यसको सजिलो उत्तर हो: नाँई भन्ने ! आफ्नो बाटो लाग्ने ! अरूलाई भन्ने !

## नाँई !



आफूमाथि गरिएको व्यवहार मन परेको छैन र तपाईंलाई आफ्नो अधिकारबारे थाहा छ भन्ने कुरा तपाईँलाई दुर्व्यवहार गर्नेलाई जानकारी गराउनुहोस् । तपाईँमाथि हिंसा गर्ने व्यक्तिलाई ठूलो र स्पष्ट स्वरमा नाई ! भन्नुहोस् ।

अर्को काम भनेको तपाईं आफूलाई हिंसा गर्ने व्यक्तिबाट र स्थानबाट पर हुनु हो । आफूलाई हिंसा भएको ठाँउबाट मुक्त गर्नुहोस । सुरक्षित ठाउँ पत्ता लगाएर त्यतै जानुहोस् ।



जाऊ !

तपाईंको समुदायमा त्यस्ता व्यक्तिहरू पनि छन् जसको काम तपाईँहरूजस्तै बालबालिकालाई हिंसाबाट सुरक्षित गर्नु हो । त्यस्तो व्यक्ति वा आफूले विश्वास गर्न सक्ने व्यक्ति पत्ता लगाउनुहोस् र आफ्ना सरोकारका विषय उहाँहरू सामु राख्नुहोस् । उहाँहरूले तपाईँहरूलाई सुरक्षित राख्न सक्दो प्रयास गर्नु हुनेछ ।

